तिलोत्तमा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ९) तिलोत्तमा, माघ महिना २८ गते २०८२ साल (संख्या ९

## भाग : २

## तिलोत्तमा नगरपालिका

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## कार्यविधिको नाम : लैङ्गिक हिंसा अन्त्यको लागि पुरुष सञ्जाल परिचालन सम्बन्धी, कार्यविधि, २०८२

**प्रस्तावना:** लैङ्गिक हिंसा विरुद्धका पहलहरूमा पुरुषहरूको सहभागिता प्रवर्धन गर्न वाञ्छनीय देखिएकोले तिलोत्तमा नगरपालिकाको केही कानुन तर्जुमा र व्यवस्थापन गर्न बनेको ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी तिलोत्तमा नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **लैङ्गिक हिंसा अन्त्यको लागि पुरुष सञ्जाल परिचालन सम्बन्धी कार्यविधि, २०८२** रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यालय" भन्नाले तिलोतमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ख) "नगरपालिका" भन्नाले तिलोत्तमा नगरपालिकालाई सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले तिलोत्तमा नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) "प्रमुख" भन्नाले तिलोत्तमा नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ङ) "उपप्रमुख" भन्नाले तिलोत्तमा नगरपालिको उपप्रमुखलाई सम्झनुपर्छ।

(च) "सञ्जाल" भन्नाले दफा ५ बमोजिमको पुरुष सञ्जाललाई सम्झनुपर्छ।

## परिच्छेद-२

## सञ्जाल गठन सम्बन्धी व्यवस्था

**३. उद्देश्यः** सञ्जाल गठनका उद्देश्य देहाय बमोजिम हुनेछन् ।

(क) लैङ्गिक समानता प्राप्तिका लागि पुरुषको सकारात्मक भूमिका प्रवर्धन गर्दै असल अभ्यासहरूको अवलम्बन गर्ने ।

(ख) पितृसत्तात्मक सोच र ब्यवहारबाट उत्पन्न लैङ्गिकतामा आधारित हिंसा अन्त्य गर्न पुरुष सहभागिता बढाउने ।

(ग) लैङ्गिक समानता र लैङ्गिक हिंसा अन्त्य सम्बन्धी नीति, ऐन, नियम योजना तथा कार्यक्रमको प्रचार प्रसारमा पुरुषहरूको संलग्नता वृद्धि गर्ने ।

(घ) लैङ्गिक हिंसा अन्त्य सम्बन्धी नीति तथा कार्यक्रम निर्माणमा तिलोत्तमा नगरपालिकालाई रचनात्मक पृष्ठपोषण गर्ने ।

## ४. सूची तयार गर्नेः

(१) नगरपालिकाले निजी तथा सार्वजनिक क्षेत्र जस्तै कलाकारिता, चलचित्र, गायन, नाटक, पत्रकारिता, साहित्य, खेलकुद, विज्ञान प्रविधि, स्वास्थ्य, शिक्षा, सरकारी क्षेत्र र व्यापार, व्यवसाय जस्ता निजी क्षेत्र तथा अन्य क्षेत्रमा समेत ख्याति प्राप्त गरेका आदर्श पुरुषहरूको सूची तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्न कार्यालयले अनुसूची-१ को ढाँचामा सूचना प्रकाशन गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूचीमा समावेश हुन ईच्छुक व्यक्तिले अनुसूची-२ को ढाँचामा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

## ५. सञ्जालको गठनः

(१) दफा ४ बमोजिमको सूचीबाट कार्यालयको सिफारिसमा कार्यपालिकाले समावेशी हुने गरी देहाय बमोजिमको सञ्जाल गठन गर्नेछ ।

| | |
|---|---|
| (क) संयोजक | -एक जना |
| (ख) उपसंयोजक | -एक जना |
| (ग) सचिव | -एक जना |
| (घ) कोषाध्यक्ष | -एक जना |
| (ङ) सदस्य | -तेह्र जना |

(३) नगरपालिकाका प्रमुख र उपप्रमुख सञ्जालको संरक्षकको रुपमा रहनेछन् ।

(४) प्रमुख प्रशासकीय अधिकृत र विषयगत समितिका संयोजक सल्लाहकारको रुपमा रहनेछन ।

(५) सञ्जालको बैठक कम्तिमा तीन महिनामा एक पटक र आवश्यकता अनुसार जुनसुकै बखत समेत बस्न सक्नेछ ।

## ६. सञ्जालको सदस्य हुन योग्यताः

(१) देहायको योग्यता पुरा भएको कुनै पनि व्यक्ति पुरुष सञ्जालको सदस्य हुन सक्नेछन् ।

(क) सार्वजनिक तथा निजी जीवनमा ख्याति प्राप्त गरेका आदर्श युवा तथा पुरुष।

(ख) लैङ्गिक हिंसा अन्त्यको लागि महिला तथा पुरुषको संगठन मार्फत उदाहरणीय र नेतृत्वदायी भूमिका निर्वाह गरेका पुरुष ।

(ग) लैङ्गिक हिंसा अन्त्यको लागि कार्य गर्ने संघ संस्थाहरूलाई आफ्नो क्षेत्रबाट सहयोग तथा समर्थन गरेका पुरुष ।

(घ) सार्वजनिक जीवनमा अयोग्य नठहरिएका र व्यक्तिगत तथा सामाजिक जीवनमा लैङ्गिक हिंसा गरेको प्रमाणित नभएका व्यक्तिहरू।

## ७. सञ्जालका सदस्यहरूको पदावधिः

(१) सञ्जालका सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(२) सञ्जालका सदस्यहरूलाई नगरपालिकाले आवश्यक देखेमा अर्को कार्यकालका लागि पुनः मनोनित गर्न सक्नेछ ।

(३) कुनै सदस्यले स्वेच्छाले हट्न चाहेमा नगरपालिकालाई जानकारी दिई सञ्जालबाट हट्न सक्नेछन् ।

(४) सञ्जालको कुनै सदस्यले दफा ६ (घ) को प्रतिकूल हुने कार्य गरेको ठहर भएमा स्वतः सदस्यबाट हटेको मानिनेछ ।

## ८. अवैतनिक हुनेः

(१) सञ्जाल सदस्यहरू अवैतनिक हुनेछन् । सदस्यहरूले नगरपालिकाको लैङ्गिक हिंसा अन्त्यको लागि सद्भावना दूतको रुपमा काम गर्नुपर्नेछ ।

(२) सदस्यहरूलाई सञ्जालको कामको सिलसिलामा जिल्ला बाहिर जानुपर्ने भएमा नियमानुसारको दैनिक भ्रमण खर्च उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद-३
## सञ्जालको काम कर्तव्य र कार्यक्षेत्र सम्बन्धी व्यवस्था

९. **सञ्जालका सदस्यहरूको काम र कर्तव्यः** सञ्जालका सदस्यहरूको काम र कर्तव्य देहाय बमोजिम हुनेछ ।

(क) महिला तथा बालबालिका माथि हुने सबै प्रकारका लैंङ्गिक हिंसा विरुद्ध शून्य सहनशिलताको लागि सक्रिय रुपमा प्रस्तुत हुने,

(ख) महिला तथा बालबालिका माथि हुने लैंङ्गिक हिंसाका विरुद्धमा संचार माध्यम लगायत अन्य उपयुक्त सार्वजनिक माध्यमबाट आदर्श पुरुषको भूमिका निर्वाह गर्ने,

(ग) सामाजिक सञ्जाल, टेलिश्रृङ्खला, बृतचित्र, चलचित्र लगायत विविध माध्ययमबाट युवाहरूलाई लैंङ्गिक हिंसा विरुद्धको भावना विकास र प्रवर्धनमा सहयोग पुऱ्याउने र सोही अनुसारको व्यवहार गर्न प्रेरित गर्ने ।

(घ) लैङ्गिक हिंसा विरुद्धमा कार्यरत व्यक्ति, संघसंस्थाहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

१०. **सञ्जालको कार्यक्षेत्रः** सञ्जाल सदस्यहरूको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ ।

(क) लैङ्गिक हिंसा विरुद्धका नीति तथा कार्यक्रमहरूको बिषयमा समीक्षा गरी रचनात्मक ढंगले पृष्ठपोषण गर्ने,

(ख) लैङ्गिक हिंसामुक्त समाजको निर्माण गर्न क्षेत्रगत कार्यक्रमहरू तर्जुमा गराउन मार्गदर्शन तथा सुझावहरू दिने,

(ग) महिलाको जीवनमा गुणात्मक परिवर्तन ल्याउन समाजमा विद्यमान असमानताहरूको पहिचान गरी लैङ्गिक बिभेद कम गर्न क्रियाशिल भई कार्य गर्ने,

(घ) लैङ्गिक हिंसासँग सम्बन्धित तथ्याङ्क संकलन गर्ने कार्यमा सहयोग गर्ने,

(ङ) लैङ्गिक हिंसा जोखिम युक्त र जोखिम उन्मुख क्षेत्र पहिचान गरि लैङ्गिक हिंसाको कारकतत्व पत्ता लगाई सम्बन्धित निकायमा जानकारी दिने ।

(च) समाजमा हाल विद्यमान रहेका र भविष्यमा हुनसक्ने सम्भावित हानिकारक प्रचलन र कुरीतिका विरुद्धमा जनसमुदायलाई सामाजिक रुपान्तरण गर्न संवाहकको रुपमा कार्य गर्ने ।

(छ) लैङ्गिक हिंसा अन्त्य गर्न सहयोग पुग्ने गरी समाजमा अभिमूखीकरण कार्यक्रम गर्ने, सृजनात्मक अभिव्यक्ति र लेखरचना प्रकाशन मार्फत जनचेतना फैलाउने ।

(ज) महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले विभिन्न लैङ्गिक हिंसा विरुद्धका दिवस तथा अन्तर्राष्ट्रिय महिला दिवस मनाउने सन्दर्भमा सञ्चालित कार्यक्रममा सक्रियतापूर्वक सहभागी हुने र त्यसका मुल नारा र कार्यक्रमको प्रसार प्रचार गर्ने ।

## परिच्छेद-४

## विविध

**११. सूची अद्यावधिक गर्नेः** कार्यालयले हरेक वर्ष दफा ४ बमोजिमको सूचीको अद्यावधिक गर्नेछ ।

**१२. सञ्जालको निरन्तरताः** नगरपालिकाले दफा ७ बमोजिमको पदावधि समाप्त भएपछि दफा ४ बमोजिमको सूचीबाट मनोनित गरि सञ्जाललाई निरन्तरता दिनेछ ।

**१३.निर्णय बमोजिम हुने**: यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र नभएका विषयहरू कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**१४.संशोधन, हेरफेर वा खारेजी**: यस कार्यविधिमा आवश्यक परेमा कार्यपालिकाले आवश्यक संशोधन, हेरफेर वा खारेजी गर्न सक्नेछ ।

## अनुसूची-१

दफा ४ को उपदफा (२) सँग सम्बन्धित

(सूचीकृत हुन आउने सूचनाको ढाँचा)

**बिषयः सूचीकृत सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा तिलोत्तमा नगरपालिकाको लैङ्गिक हिंसा अन्त्यका लागि पुरुष सञ्जाल परिचालन सम्बन्धी कार्यविधि, २०८२ बमोजिम पुरुष सञ्जाल गठन गर्न आवश्यक रहेकोले तपसिल बमोजिमको योग्यता पुगेका पुरुष सदस्यहरूले सूचीकृत हुनका लागि तिलोत्तमा नगरपालिका महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखामा निवेदन पेस गर्न सम्बन्धित सबैलाई सूचित गरिन्छ । निवेदनको ढाँचा शाखाबाट प्राप्त गर्न वा तिलोत्तमा नगरपालिकको वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ ।

**<u>तपसिलः</u>**

(क) सार्वजनिक तथा निजी जीवनमा ख्याति प्राप्त गरेका आदर्श युवा तथा पुरुष ।

(ख) लैङ्गिक हिंसा अन्त्यको लागि महिला तथा पुरुषको संगठन तथा सञ्चालक मार्फत उदाहरणीय र नेतृत्वदायी भूमिका निर्वाह गरेका पुरुष ।

(ग) लैङ्गिक हिंसा अन्त्यको लागि कार्य गर्ने संघ संस्थाहरूलाई आफ्नो क्षेत्रबाट सहयोग तथा समर्थन गरेका पुरुष ।

(घ) सार्वजनिक जीवनमा अयोग्य नठहरिएका र व्यक्तिगत तथा सामाजिक जीवनमा लैङ्गिक हिंसा गरेको प्रमाणित नभएका व्यक्तिहरू ।

## अनुसूची-२

दफा ४ को उपदफा (३) सँग सम्बन्धित

(पुरुष सञ्जालमा सूचीकृत हुन पेस गर्ने निवेदनको ढाँचा)

मितिः.......................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रूपन्देही ।

**विषयः सूचीकृत सम्बन्धमा ।**

प्रस्तुत विषयमा तिलोत्तमा नगरपालिकामा लैङ्गिक हिंसा न्यूनीकरण गर्ने उद्देश्यले गठन हुने पुरुष सञ्जालमा रहेर मलाई यस क्षेत्रमा योगदान गर्ने ईच्छा भएकाले तिलोत्तमा नगरपालिकाको मिति ................... को सूचना अनुसार सूचीकृत गरिपाउँ भनी यो निवेदन पेस गरेको छु।

**निवेदकको**

हस्ताक्षरः

नामः

ठेगानाः

सम्पर्क फोन नम्बरः

हाल संलग्न रहेको पेशा/क्षेत्रः

मितिः..................

**आज्ञाले**

**प्रमाणीकरण मितिः २०८२/१०/२८ गते**

**(खुमलाल भुसाल)**
**प्रमुख प्रशासकीय अधिकृत**